# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा
प्रदेश नं. २, नेपाल

सूचना !  सूचना !!  सूचना !!!

## सुपरिवेक्षक र गणक आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७|१०|०६ गते)

उपर्युक्त विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.स.२०७७/०७८, च.न. ४०, मिति २०७७/०८/१४ गतेको पत्रानुसार यस पर्सागढी नगरपालिका भित्र आ.व. २०७७/७८ मा संचालन हुने गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमका निम्ति तपसिलको पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५(पन्ध्र) दिन भित्र तल उल्लेखित कागजात र राजश्व बुझाएको रसिद संलग्न राखि यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १. | ५/२०७७/०७८ | सुपरीवेक्षक | सहायस्तर पाचौं | १ |
| २. | ६/२०७७/०७८ | गणक | सहायकस्तर चौथौ | ५ |

**१. आवश्यक न्युनतम योग्यता :**

(क) सुपरिवेक्षकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरेको र कम्प्यूटर सम्बन्धी आधारभुत तालिम प्राप्त भएको।

(ख) गणकका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको र कम्प्यूटर सम्बन्धी आधारभुत महिना तालिम प्राप्त भएको।

(ग) उमेर मिति २०७७/१०/२० गते सम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

(घ) स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ।

**२. दरखास्त बुझाउने स्थान :** पर्सागढी नगरपालिकाको कार्यालय, हरपुर, पर्सा। दरखास्त फाराम कार्यालय वा वेभसाइट www.parsagadhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ|

**३. दरखास्त दस्तुर बुझाउने स्थान :** यस कार्यालयको सानिमा बैंक, पर्सागढी शाखा, पर्सामा रहेको आन्तरिक राजश्व खाता नं ०६३०१००४००००००५ मा रकम जम्मा गरिएको भौचर पेश गर्नु पर्नेछ।

**४. दरखास्त बुझाउने अन्तिम मिति :** २०७७/१०/२० गते सम्म।

**५. आवेदन दस्तुर :** सुपरिवेक्षकको लागि रु. ८००/-(आठ सय रुपैयाँ) र गणकको लागि रु. ५००/-(चार सय रुपैयाँ) मात्र।

**६. सेवा तथा सुविधाहरु :** गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका, २०७५ मा तोकिए बमोजिम हुनेछ।

**७. करार अवधी:** करार अवधी ५ (पाँच) महिना हुनेछ।

**८. छनोटको तरिका :** संक्षिप्त सुचि प्रकाशन (short list) र अन्तर्वार्ता।

**९. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :** नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, सम्पूर्ण आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, कम्प्युटर तालिम सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कार्य अनुभव भएमा सोको प्रमाणित प्रतिलिपि।

**१०. थप जानकारीको लागि :** प्रशासन शाखा, पर्सागढी नगरपालिका, हरपुर, पर्सा वा सम्पर्क नं. ९८५५०३८५६०

नि. प्रमुख प्रशासकीय अधिकृत